नेपाल सरकार

उर्जा मन्त्रालय

# विद्युत विकास विभाग

## कर्णाली चिसापानि बहुउद्देश्यीय आयोजना सम्बन्धी सार्बजनिक सूचना

मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलका पाँचवटा जिल्ला (कैलालि, बर्दिया, सुर्खेत, डोटि र अछाम) मा पर्ने गरी पहिचान भएको १०८०० मेगावाट क्षमताको कर्णाली चिसापानि बहुउद्देश्यीय आयोजनाको छिमेकी मुलुक भारत मा विद्युत निर्यात गर्ने र दुबै देशमा सिंचाई एबम् नदि नियन्त्रणका कार्यहरु गर्ने उद्देश्यका साथ दुबै देशको सहकार्यमा सन् १९८९ मा सम्भाब्यता अध्ययन सम्पन्न भइसकेको र यस आयोजनाको बिकासका लागी नेपाल सरकार बाट आर्थिक वर्ष २०७१/७२ देखि थप अध्ययन कार्य भइरहेको छ । साथै राष्ट्रिय उर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अबधारणा पत्र एबम् कार्ययोजना २०७२ ले पनि यस आयोजना लाई प्राथमिकतामा राखेको छ । आयोजना निर्माणका बिभिन्न चरणत्मक कार्यका लागि लाग्ने समय लाई मध्यनजर गर्दा यस आयोजना निर्माणका लागि झन्डै १८ बर्ष लाग्ने अनुमान गरिएको छ । सो सम्बन्धमा प्रस्ताबित आयोजनाको जलासयको जोखिम क्षेत्र (समुन्द्री सतहवाट ४४५ मिटर सम्म) मा आयोजनाको पूर्वाधार निर्माण गर्दा दोहोरोपना आउन सक्ने हुनाले उक्त क्षेत्रमा कुनैपनि बिकास निर्माणका कार्यहरु नगर्न नगराउन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावित कर्णाली चिसापानि बहुउद्देश्यीय आयोजनाको, आयोजना संक्षिप्त विवरण यस प्रकार रहेको छः

१) कर्णाली नदि (सरदर वार्षिक वाहब १३८९ घनमिटर प्रति सेकेन्ड) लाई २७० मिटर अग्लो वाँध वाधि ९२७० घनमिटर प्रति सेकेन्ड पानि वाट १०८०० मेगावाट विजुली उत्पादन गरिनेछ र यसबाट वार्षिक २०८४२ गिगावाट घण्टा विद्युतिय उर्जा उत्पादन हुनेछ । पूर्ण क्षमतामा पानि संग्रह गर्दा पानीको सतह समुन्द्री सतहवाट ४१५ मि. सम्म पुग्ने छ ।

२) आयोजना मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलका पाँचवटा जिल्ला (कैलालि, बर्दिया, सुर्खेत, डोटि र अछाम) मा पर्ने र यस आयोजनाको क्षेत्र पाँच जिल्लाको ४१ गा बि स तथा बर्दिया राष्ट्रिय निकुन्ज मा पर्दछः
    अछामः वलंता , हिच्मा, तुर्मखाद, वस्ती, ढुंगाचल्ना, कुन्तिबण्डाली, नादा, स्युदी गा. वि स. हरु ।
    बर्दियाः बर्दिया राष्ट्रिय निकुन्ज ।
    डोटीः चमरा चौतरा, धङ्गलागाँउ, गगुडा, कनाचौर, केदार आखडा, सिमचौर गा. वि स. हरु ।
    कैलालिः बलिया, मोहनयाल, पन्डाउ, पथरीया, सुगुरखल गा. वि स. हरु ।
    सुर्खेतः बाबियचौर, बेताम, बिजौरा, घाटगाँउ, गुठु, हरिहरपुर, कल्याणपुर, कुनाथरी, लगाम, लाटिकोईली, लेकगाँउ, लेखपराजुल, पोखरीकाँडा, रामघाट, सालकोट, सतखानी, तरङ्गघाट, तातापानी, उत्तरगङ्गा, बिद्यापुर, छाप्रे, दशरथपुर गा. वि स. हरु ।

३) यस आयोजनाको मुख्य वाँध सुगरखाल गा.वि.स., कैलाली तथा बर्दिया राष्ट्रिय निकुन्ज (अक्षांश: २८° ३९' २०.८९" र देशान्तरः ८१° १६' ५२.१४" देखि अक्षांश: २८° ३९' ३०.२३" र देशान्तरः ८१° १७' ३३.०८") र विधुत गृह बर्दिया राष्ट्रिय निकुन्ज मा पर्दछ । यस आयोजनाको जलासय बर्दिया, कैलालि, सुर्खेत, डोटि र अछाम जिल्लामा पर्दछ । साथै यस आयोजनाको रि-रेगुलेटिङ्ग वाँध बर्दिया र कैलालि जिल्लामा पर्दछ ।

यस आयोजनाको सम्बन्धमा बिस्त्रित जानकारी निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

**विद्युत विकास विभाग**
थापागाँउ, अनामनगर, काठमाण्डौ
पो. व. नं २५०७
फोन नं. ०१ ४४८२१३०